# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७७।०४।१५

## प्रेस विज्ञप्ति

समाचार संकलनका क्रममा अनलाइन खवर डटकमका सहसम्पादक विश्वासकुमार खड्काथोकीमाथि भएको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

कोभिड १९ को विषयमा सरकारले जनताको स्वास्थ्यमाथि खेलबाट गरेको विरोधमा काठमाडौंको बसन्तपुरमा अनसनरतहरुको सन्दर्भमा साउन १३ गते समाचार संकलन गर्ने क्रममा 'इनफ इज इनफ' आन्दोलनका एक अभियन्ताले पत्रकार खड्काथोकीमाथि दुर्व्यवहार गरेका थिए ।

स्वतन्त्ररुपमा पेशागत धर्म निर्वाह गर्ने पत्रकारमाथि कुनै पनि पक्षबाट दुर्व्यवहार हुनु निन्दनीय हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो । महासंघ प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न, पत्रकारलाई स्वतन्त्र र निर्वाध काम गर्ने वातावरण बनाउन तथा यस्ता घटना नदोहोऱ्याउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट

महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal

Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org